ग्रामीण पत्रकारिताको प्रयास
# जनता टाइम्स
साप्ताहिक
JANATA TIMES WEEKLY
❑ वर्ष-१० ❑ अङ्क-२०, २०७५ भदौ ३० गते, शनिबार (Sept.15, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या: ६




'स्वाइन - फ्लू' र हङकङ फ्लुबाट कसरी जोगिने ?

पृष्ठ ३ मा

# स्वाइन र हङकङ फ्लु देखिए पछि विद्यालयहरू बन्द



फत्तेपुर / सप्तरीको कञ्चनरुप नगरपालिकामा स्वाइन फ्लु र हङकङ फ्लुको प्रकोप बढेपछि आइतबारदेखि तीन दिनसम्म विद्यालय बन्द गर्ने निर्णय भएको छ ।

उच्च ज्वरो, खोकी लाग्ने, छाती दुख्ने लगायतका लक्षण देखिएर नगरपालिका वडा नम्वर ४ र महादेवा गाउँपालिका वडा नम्वर १ मा एक जनाको मृत्यु भएको हो । कञ्चनरुप नगरकार्यपालिकाको आकस्मिक बैठकबाट नगरलाई विपद क्षेत्र घोषणा गर्दै विद्यालय बन्द गर्ने निर्णय गरिएको वडा नम्वर २ का अध्यक्ष रामनारायण साहले जानकारी दिए ।

कञ्चनरुपबाट १८ र हनुमाननगर कंकालिनी नगरपालिकाबाट ६ जनामा गरिएको परीक्षणमा १ जनामा स्वाइन फ्लु र ४ जनामा हङकङ फ्लुको भाइरस फेला परेको जनस्वास्थ्य कार्यालयका प्रमख निरन्जन यादवले बताए । कञ्चनरुप र हनुमाननगर कंकालिनी नगरपालिका र महादेवा गाउँपालिकामा सयौं ज्वरो र खोकीबाट पीडित हुन थालेपछि विभिन्न स्थानमा स्वास्थ्य जाँच शिविर पनि सञ्चालन गरिएको छ ।

गत भदौ २४ देखि कंचनरुप र हनुमाननगरमा गरिएको स्वास्थ्य शिवीर मार्फत २४ जनाको रगत र न्याल परिक्षणका लागि काठमाण्डौ स्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाईएको थियो । परिक्षणमा कञ्चनरुप नगरपालिका ७ का हरिलाल साहलाई स्वाईन फ्लुको संक्रमण देखिएको कञ्चनरुप नगरपालिका स्वास्थ्य संयोजक डम्बर प्रसाद गुप्ताले बताए ।

कञ्चनरूप नगरपालिका ७ का १४ वर्षिय दिवस बस्नेत, वडा नम्वर ३ का १४ वर्षीय किशोर राम, वडा नम्वर ९ का १४ वर्षीय अमोदकुमार रामको मृत्यु तथा ज्वरो र रुघाखोकीका विरामी वढ्दै गएपछि कञ्चनरुप तथा हनुमाननगर क्षेत्रमा स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको छ । यसैगरी ज्वरो तथा रुघाखोकीकै कारण कञ्चनरुप नगरपालिका ४ मा ५० वर्षिया भालसर देवी सरदार र महादेवा गाउँपालिका १ का ८ वर्षीय महफुल आलमको समेत पछिल्लो पटक मृत्यु भएको छ ।

जिल्ला दैवी प्रकोप उद्धार समितिको बिहीबारैको आपतकालिन बैठकले प्रभावित क्षेत्रमा स्वास्थ्य टोली पठाई उपचारको व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए ।


## अव धरान विराटनगर धाउनु पर्दैन

**यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।**

**हाम्रा सेवाहरु**
दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



**प्रो.पपुलर चौधरी**
**सप्तकोशी डेन्टल क्लिनिक**
सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन
सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७


## सप्तकोशी नगरपालिकाका नगरवासीमा अनुरोध

एक हप्तादेखि छिमेकी नगरपालिका कञ्चनरूपमा बेमौसमी रूघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपका कारण बिरामीहरूको संख्या बढ्दै गएको खबर आएकोले उक्त भाइरलबाट वच्न निम्न उपायहरू अपनाउन हुन र यस्ता लक्षणहरू देखा परे तुरून्त नजिकैको स्वास्थ्य संस्था गै उपचार गराउनु हुन सम्पुर्ण सप्तकोसी नगरबासीहरूमा अनुरोध गरिन्छ ।

**लक्षण**

(१) लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आउनु (२) टाउको दुख्नु तथा घाटी दुख्नु (३) रूघाखोकी स्वास फेर्न ग्राहो हुनु (४) बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य सस्था मा सम्पर्क गर्नु हुन सबैमा अनुरोध गरिन्छ ।

**बच्ने उपायहरूः**

धेरै भिडभाडमा नबस्ने, अति आवश्यक काम बाहेक प्रकोप भएको क्षेत्र तिर नजाने, खोक्दा हाछिउ गर्दा सफा कपडा वा रूमाल प्रयोग गर्ने, साबुन पानीले राम्ररी हात सफा गर्ने ,पोसिलो झोलिलो खाने कुरा प्रशस्त खाने, प्रशस्त मात्रमा शुद्ध पानी पिउने, ज्वरो रूघाखोकी लागेको ब्यक्तिले नगुमसिएको शुद्ध हावा आउने कोठामै आराम गर्ने, भाइरल प्रभावित मानिसबाट टाढा बस्ने, आँखा, नाक, कान र मुखमा अनावश्यक रूपमा हात नलैजाने, सकभर अरू ब्यक्तिहरूसंग हात नमिलाउने, नमस्कार गर्ने बानी बसाउने, अरूले प्रयोग गरेको रूमाल कपडा आफुले प्रयोग नगर्ने, आफुले प्रयोग गरेको कपडा रूमाल राम्रोसंग सफा गरेर मात्र पुन प्रयोग गर्ने, पानी सदैब उमालेर मात्र पिउने भिडभाडमा जानू परे माक्सको प्रयोग गर्ने, सुगुरलगायतका पशुहरू नजिक जानू परे वा छुनु परे सदै माक्स र पन्जाको प्रयोग गरि सावधानिका उपाय अपनाउने । रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्नै नदिनु हुन सम्पुर्ण सर्बसाधरणहरूमा अनुरोध गरिन्छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**जनहितका लागि जारी**
**सप्तकोसी नगरपालिका**
**स्वास्थ्य शाखा, फत्तेपुर, सप्तरी, प्रदेश नं. २**

## कञ्चनरुप नगरपालिकाको अनुरोध

एक हप्तादेखि सप्तरीको कञ्चनरूप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका क्षेत्रमा बेमौसमी रुघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपले मानिसको मृत्यु नै भएकाले उक्त भाइरलबाट वच्न आफुलाई लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आए, टाउको दुख्ने, घाटी दुख्ने, रुघाखोकी स्वास फेर्न ग्राहो हुने, बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन सबै नगरवासीमा अनुरोध गरिन्छ । साथै प्रभावित क्षेत्रमा आउजाउ नगर्नसमेत अनुरोध गरिन्छ ।

**कञ्चनरुप नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, उदयपुर**

## हनुमाननगर कंकालिनी नपाको अनुरोध

एक हप्तादेखि सप्तरीको कञ्चनरूप नगरपालिकामा बेमौसमी रुघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपले मानिसको मृत्यु नै भएकाले उक्त भाइरलबाट वच्न आफुलाई लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आए, टाउको दुख्ने, घाटी दुख्ने, रुघाखोकी स्वास फेर्न ग्राहो हुने, बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन सबै नगरवासीमा अनुरोध गरिन्छ । साथै प्रभावित क्षेत्रमा आउजाउ नगर्नसमेत अनुरोध गरिन्छ ।

**हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, उदयपुर**

## राजविराज नगरपालिकाको अनुरोध

एक हप्तादेखि सप्तरीको कञ्चनरूप नगरपालिकामा बेमौसमी रुघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपले मानिसको मृत्यु नै भएकाले उक्त भाइरलबाट वच्न आफुलाई लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आए, टाउको दुख्ने, घाटी दुख्ने, रुघाखोकी स्वास फेर्न ग्राहो हुने, बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन सबै नगरवासीमा अनुरोध गरिन्छ । साथै प्रभावित क्षेत्रमा आउजाउ नगर्नसमेत अनुरोध गरिन्छ ।

**राजविराज नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

## बेलका नगरपालिकाको अनुरोध

एक हप्तादेखि सप्तरीको कञ्चनरूप नगरपालिकामा बेमौसमी रुघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपले मानिसको मृत्यु नै भएकाले उक्त भाइरलबाट वच्न आफुलाई लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आए, टाउको दुख्ने, घाटी दुख्ने, रुघाखोकी स्वास फेर्न ग्राहो हुने, बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन सबै नगरवासीमा अनुरोध गरिन्छ । साथै प्रभावित क्षेत्रमा आउजाउ नगर्नसमेत अनुरोध गरिन्छ ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**

## चौदण्डी नगरपालिकाको अनुरोध

एक हप्तादेखि सप्तरीको कञ्चनरूप नगरपालिकामा बेमौसमी रुघाखोकी ,ज्वरो ,स्वाइन फ्लू र हङकङ फ्लु जस्ता भाइरलको प्रकोपका कारण बिरामीहरूको संख्या बढ्दै गई मानिसको मृत्यु नै भएकाले उक्त भाइरलबाट वच्न आफुलाई लामो समय सम्म १०४ डिग्री फरेन्हाइट भन्दा बढी ज्वरो आए, टाउको दुख्ने, घाटी दुख्ने, रुघाखोकी स्वास फेर्न ग्राहो हुने, बच्चाहरूलाई झाडा पखाला लाग्ने जस्ता लक्षण देखा परे तत्काल नजिकैको स्वास्थ्य सस्थामा सम्पर्क गर्नु हुन सबै नगरवासीमा अनुरोध गरिन्छ । साथै प्रभावित क्षेत्रमा आउजाउ नगर्नसमेत अनुरोध गरिन्छ ।

चौडण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर


## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरुः**

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**बिशेषज्ञ डाक्टर**

- डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




**जनसेवा पोलिक्लिनिक प्रा.लि**

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०


प्रमुख सल्लाहकारः डा.महेन्द्र विष्ट, सल्लाहकारः प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रणः शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY

## सम्पादकीय....................

### फ्लुबारे सचेतना अभियान जरूरी

सप्तरीको कञ्चनरूप नगरपालिकामा स्वाइन फ्लु र हङकङ फ्लुको प्रकोपले ५ जनाको ज्यान गएको छ । दर्जनौ व्यक्तिमा यसका भाईरस फेला परेको समाचार सार्वजनिक भएको छ ।

उच्च ज्वरो, खोकी लाग्ने, छाती दुख्ने लगायतका यसका लक्षणहरू हुन । यस्ता लक्षण कसैलाई देखा परे नजिकको स्वास्थ्य संस्थाहरूमा सम्पर्क गरि स्वास्थ्य परीक्षण गनु वाञ्छानिय हुने छ ।

यति बेला दुईबटा नगरपालिकाहरूमा देखा परेको छ । यो सरूवा रोग भएकाले अन्यत्र फैलन नदिन सचेतना जरूरी हुन्छ । संक्रामित व्यक्ति र अन्य व्यक्तिको संगतबाट यो रोग फैलिने भएकाले सचेतना अपनाउनु पर्दछ ।

प्रकोप अन्यत्र फैलन नदिन स्थानीय तह पनि उतिकै जिम्मेवार हुनु पर्दछ । आफ्ना क्षेत्रका वासिन्दाहरूलाई सचेत गराउने, रोगबारे एथेष्ट जानकारी दिने, स्वास्थ्य टोली अर्लट गरि प्रभावित क्षेत्रमा पठाउने मुख्य दायित्व स्थानीय तहको हुने छ । जिम्मेवारी स्थानीय तहले यस प्रकोपबारे अभियान संचालन गर्नु पर्दछ ।

हनुमाननगर, कञ्चनरूप, सप्तकोशी, बेलका, चौडण्डीलगायत नगरपालिकाहरूमा जनजेतनामुलक कार्यक्रम तथा माईकिङ गरि जनतालाई सचेत गराउनु पर्दछ । सप्तकोशी नगरपालिकाले बिपद ब्यवस्थापन समितिको आपतकालीन बैठकबसी अभियान संचालन गर्ने निर्णय गरि सक्ेको छ । यो नगरपालिकाको सहराणिय कार्य हो । अन्य नगर तथा गाउँपालिकाहरूले पनि सचेतना अभियान शुरू गर्नु पर्दछ । कुनै पनि रोग आएर उपचार गर्नु भन्दा रोग नै आउन नदिनु उत्तम हो । यसका लागि सरोकारवाला निकाय, स्थानीय तह तथा नागरिक स्वम जिम्मेवार हुनु पर्दछ ।

### ☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०21 |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# अर्थतन्त्रको गुणात्मक सुधार आवश्यक

**उपेन्द्र झा**

निन्तात व्यक्ति स्वार्थमा लिप्त शासकवर्गले स्थापना गरेको राजतन्त्रात्मक राज्यसत्ताले संचालन गरेको अर्थव्यवस्था लामो अभ्यासमा बेथिति अर्थतन्त्रको सुदृढ विकास गऱ्यो । बर्बर शासन प्रणालीको नकारात्मक प्रभावमा विकसित अर्थतन्त्र शासकवर्गको हितमा प्रयोग हुँदा अनेकन द्वन्द्वहरू सिर्जना हुँदै गऱ्यो । बर्बर शासनको अन्तपछि राजतन्त्रको सक्रियातामा पञ्चायती प्रजातन्त्रको राजनीति प्रणाली ल्याएर केही मात्रामा भएपनि शासन व्यवस्था जनताप्रति आकर्षित हुन थाल्यो ।

जनसंख्याको वृद्धिसँगै नेपालको अर्थतन्त्रको आकार पनि वृद्धि भइरहेको थियो । २००७ सालपछि राजतन्त्रको सक्रियता बढाउने राजाको दृढ चाहनाले ०१५ सालको आमचुनावमा बहुमत पाएका लोकतान्त्रिक सरकारलाई ९ महिनामा अपदस्थ गरि तत्कालीन राजा महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिए । ०१७ सालमा राजाले प्रत्यक्ष शासन गर्न थालेपछि सँगै राजनीति अभ्यासमा रहेका नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले जनताको जीवनस्तर सुधार्ने उद्देश्यले समाजवाद र साम्यवादको सपना देखाइरहेको बेला ०२१ सालमा आम जनतामा आफ्नो लोकप्रियता स्थापित गर्न भूमि सुधार ऐन ल्यायो ।

जमीन जोत्नेको मोहियानी हक संरक्षण गरेर कृषि उत्पादन बढाउने सकारात्मक सोच भएता पनि बेथितीको साम्राज्यमा यो कदम प्रत्युत्पादक बन्यो । तर अर्थ क्षेत्रमा सुधारका प्रयासहरू प्रतिस्पर्धात्मक रूपमा अगाडि बढ्न थाल्यो । व्यक्तिगत स्वार्थपूर्ति गरी अकुत सम्पत्ति कमाउने राजनीतिको उद्देश्य बनी सकेपछि यसले देशभिर ठूला संजाल खडा गरेर संस्थागत विकास गऱ्यो । राजतन्त्रलाई लुटतन्त्रको परिभाषा गरी समाजवादको सपना देखाउने नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टीको प्रभाव नेपाली जनतामा बढिरहेको थियो । राजतन्त्रमा गरिएका सुधारहरू परिवर्तनको दिशामा सकारात्मक कदम भएपनि बेथितिले यसको प्रभाव जनतामा जमाउन सकेन र राजतन्त्र विरूद्ध जनसंघर्ष विकसित हुन थाल्यो । सामन्ती अधिनायवादको राजनीतिक प्रणाली नै विकासको मूल अवरोधक रहेको त्यसको विरूद्ध संघर्षलाई विकसित गरी ०४६ सालमा लोकतन्त्रको पुन:स्थापना गरियो । जनतालाई देखाइएको समाजवादको सपना पूरा गर्ने लोकतान्त्रिक सरकारले राम्रो अवसर पाएको थियो ।

०४६ सालको परिवर्तन पश्चात् राजालाई वैधानिक राजतन्त्रमा सीमित गरी राजनीतिको केन्द्रमा लोकतान्त्रिक राजनीतिक पार्टीहरूले आफ्नो वर्चस्व कायम गऱ्यो । प्रत्यक्ष राजनीतिबाट अलग्याएर सीमित गरिएको राजापछि राज्यसत्ता माथि लोकतान्त्रिक सरकारको वर्चस्व कायम भएको भ्रममा आर्थिक उदारीकरणको अवधारणा ल्याएर लोकतान्त्रिक सरकारले देखाएको सपनालाई साकार पार्ने चेष्टा त गऱ्यो । तर, व्यक्तिवादी चरित्र पूरा गर्ने भ्रष्ट अर्थतन्त्र तथा राजनीतिको सुदृढ किल्लालाई उखेल्ने प्रयास नगरी त्यसबाट नै परिवर्तनको सपना साकार पार्ने सरकारको विश्वासले अर्थ तथा राजनीतिक क्षेत्रमा रहेको अराजक परिस्थितिलाई आँकलन गर्न सकेन र भ्रष्ट संयन्त्रले लोकतान्त्रिक सरकारलाई जनतामाझ बदनाम गऱ्यो । वर्चस्वको उन्मादले आफ्नै पार्टीभित्र विग्रह पैदा गरी पार्टीहरूलाई फूटको कगारमा ल्याई खडा गरिदिएको थियो ।

राज्यसत्तामाथि व्यक्ति र प्रणालीमा परिवर्तन आएपनि पौराणिक राज्य संयन्त्र र तिनका कार्य व्यवहारमा किञ्चित परिवर्तन आएको थिएन । तथाकथित प्रगतिशील सरकारले संयन्त्रमा आमूल परिवर्तन गर्न सकेन । बरू ब्युरोक्र्यासीले लोभ, लालच, चाकडी, चाप्लुसीको माध्यमले सरकारलाई आफ्नो वशमा गऱ्यो र अर्थ राजनीतिमा रहेको बेथितिलाई निरन्तरता दिइरह्यो । अराजक अर्थतन्त्रमा कालान्तरमा ठूलाठूला माफियाहरूको जन्म भयो र विस्तारै राज्यसत्ता माफियाहरूको कब्जामा पुग्यो । नेपाली राजनीतिमा माफियाहरूको वर्चस्वको किल्लालाई आउने कुनै सरकारले तोड्न सकेन । बरू राजनीतिमा वर्चस्व कायम राख्ने व्यक्तिवादी चरित्रले आत्मसमर्पण गरी माफियाको कृपामा राजनीतिको शीर्ष भागमा सधैं राज्य सुविधा उपभोग गर्न पुगे ।

योजना र नीति बन्दै गयो । विकास निर्माणका कार्यहरू शिलान्यासको ढोकाभित्र छिरेको त छ तर परिणामसम्म पुग्न सकेन । एकातिर केन्द्रीय तथ्यांक विभाग तथा राष्ट्र बैंकबाट आर्थिक सूचकांकलाई प्रगतिमा रहेको रिपोर्टहरू सार्वजनिक गराएर सरकारको वाहवाहीलाई जनतामा देखाउने गरिएको छ भने अर्कोतिर राजनीतिमा वर्चस्व पाएका असंख्य व्यक्तिहरू माफियासँग मिलेर देशलाई लुटिरहेका छन् । आर्थिक क्षेत्रमा रहेको अराजकता हटाउन सरकार उदासीन रहेको अवस्थामा बेथितिले राजनीति क्षेत्रमा ठूलो विकृति ल्यायो । असन्तुष्टता र आक्रोशको वातावरण तयार भई ठूला ठूला संघर्षहरू सतहमा देखिन थालियो । विकास, उन्नति, प्रगतिका सपना देखाउने समाजवादीहरूको लोकप्रियतामा ग्रहण लाग्न थाल्यो र राजतन्त्र पुनश्च: सक्रिय भयो ।

०५८ सालमा राजतन्त्रको सक्रियता देशमा बदलाव ल्याउन होइन राजनीति तथा सरकारको स्वामित्व पाउन राजतन्त्र सक्रिय भएको थियो । आर्थिक क्षेत्रको अराजकतालाई नियमन गर्न अर्थ क्षेत्रले पनि आवश्यकता महसुस गरेकाले यही बेला नियमन निकायको रूपमा नेपाल राष्ट्र बैंकले ऐन सार्वजनिक गरी दृढतापूर्वक खडा भयो । च्याउ जस्तै उम्रेका वित्तीय निकायलाई ऐनले घेराभित्र ल्याउने कार्यले नयाँ दर्ता बन्द भई वित्तीय संस्थाहरू मर्जर प्रक्रियामा जान थाले । सतहमा केही सुधार देखिएता पनि गुणात्मक सुधार न्यून नै रह्यो । अर्थ क्षेत्रमा नियामक निकायको उपस्थितिले सानै परिणाममा भएपनि सुधारको क्रम सुरू भयो । अर्थ क्षेत्रको अराजकताले उद्योग क्षेत्रलाई ध्वस्त नै गरिदियो । चर्को राजस्व लगाउने, उत्पादनसँग सरोकार नराख्ने, उद्योगमैत्री वातावरणको अभावमा दिनानुदिन बन्द हुने अवस्थामा गयो । उद्योगपतिरू उत्पादन गर्न छाडेर उत्पादित तयार माल विदेशबाट झिकाएर व्यापार गर्न थाले । समग्रमा हेर्दा देश पराधीन भइसकेको यथार्थलाई सरकारले पचाउन सकिरहेको छैन ।

अर्थतन्त्रको गुणात्मक सुधारका लागि सरकार समक्ष ठूलो चुनौती त छँदैछ । अर्थक्षेत्र जस्तै अरू क्षेत्र शिक्षा, स्वास्थ्य, कृषि, उद्योग आदिमा पनि नियामक निकायको खाँचो आवश्यक देखिएको छ । उद्योग धन्दा ठप्प हुनु, कृषि क्षेत्र धराशायी हुनु, आयात तीव्र रूपमा बढ्नु, निर्यात घट्दै जानु आदि आर्थिक क्षेत्रमा रहेको भ्रष्ट आचरणको प्रतिफल हो । आर्थिक क्षेत्रमा रहेको अनियमितता प्रगति अवरोधक शक्तिको रूपमा प्रमाणित भएकोले यस्ता विकृतिलाई निरन्तरता दिइयो भने समाजमा द्वन्द्व उठ्नु स्वाभाविक हो । प्रगतिमा बाधक धरातलीय समस्या नहटाइकन उन्नति, प्रगति र विकासको जस्तोसुकै अवधारणा परिणाममुखी हुन नसक्ने मात्र होइन, विद्यमान दुईतिहाई सरकारको अस्तित्वमाथि प्रश्न खडा हुने सम्भावना पनि छ ।

देशको प्रगति रिपोर्ट सार्वजनिक गर्दा गर्दै देश परनिर्भरताको दलदलमा धस्दै गयो । ०७४/७५ आ.व.को ११ महिनाको आर्थिक समीक्षा गरी नेपाल राष्ट्र बैंकले सावर्जनिक गरेको प्रतिवेदन अनुसार २३.५ प्रतिशतले आयात वृद्धि भई ११ खर्ब ७ अर्ब ३५ करोड पुगेको छ । सोही बमोजिम व्यापार घाटा पनि पुगेको छ । देशको प्रगति रिपोर्ट प्रस्तुत गरेर विद्यमान देशको जर्जर अर्थ व्यवस्थालाई सपार्न सकिदैन । आर्थिक अनियमितताले देशमा जन्माएको गरिबी, बेरोजगारी, महँगी, परनिर्भरता आदि विषम् परिस्थितिले देशलाई द्वन्द्वतिर नै उन्मुख गराउँदछ । यही कारण हो कि देशले प्रत्येक १० वर्षमा नयाँ( नयाँ प्रकारका द्वन्द्व भोग्नुपरेको छ ।

सरकारको मातहतमा स्वामित्व प्राप्त कतिपय विकास आयोजना संचालन भयो । बेथितिले अधिकांश आयोजनाहलाई बन्दको स्थितिमा पुऱ्यायो । सरकारको भ्रष्ट संयन्त्रले विकास निर्माण कार्यलाई गन्तव्यसम्म पुग्न दिएन महसुस गरी आर्थिक उदारीकणको सिद्धान्तले नीजि क्षेत्रको सहभागितालाई आकर्षित गऱ्यो । धेरै विकास आयोजनामा निजी क्षेत्रले हात हाल्यो । आर्थिक बेथितिका कारण त्यस्ता आयोजनाहरू पनि सफलताको स्वाद चाख्न सकेन । विद्यमान बलियो सरकारले पुनश्च: आर्थिक क्षेत्रमा सरकारी स्वामित्वलाई अगाडि बढाउन चाहेको छ ।

तीव्र आर्थिक विकासका लागि बर्षेनी नीति निर्माण हुँदै रह्यो तर पनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेन । कुनै पनि क्षेत्रमा आत्मनिर्भर हुन नसक्ेको सरकार कुनै विकास कार्यक्रमका लागि निजी क्षेत्र वा वैदेशिक सहयोगका लागि अपेक्षा गरेको हुन्छ । यो चलन दशकौंदेखि चल्दै आएको । वैदेशिक सहयोग लिएर देश चलाउने दलीय संस्कारले व्यक्तिगत लाभभन्दा देशलाई आत्मनिर्भर बनाउने कार्य नै गरेन । निजी क्षेत्र वा वैदेशिक लगानी आकर्षित गरी मोजमस्ती गर्ने दक्ष प्रवृति कहिल्यै पनि जनमुखी हुन सकेन । देश विकासमा नीतिहरू बनाउन भने छाडेन ।

राष्ट्रिय प्राथमिकतामा परेका विकास आयोजनालाई सरकारले आफ्नो भरमा संचालन गर्न असमर्थ देखिँदा निजी क्षेत्र वा वैदेशिक लगानीलाई आकर्षित गर्न २०६८ सालमा लगानी बोर्डको गठन गऱ्यो । निजी साझेदारी बढाउने आवश्यकता अनुसार सरकारले सार्वजनिक पूर्वाधार संरचना निर्माण, संचालन तथा हस्तान्तरण सम्बन्धी नीति ( २०५७ ल्यायो । यसलाई परिमार्जित गरी सार्वजनिक नीजि साझेदारी नीति(२०७२ पनि आयो ।

दुई तिहाई बहुमत भएको सशक्त तथा स्थायी सरकारले निजी क्षेत्र तथा वैदेशिक लगानीलाई आकर्षित गर्न ०७५/०७६ को बजेट मार्फत लगानी प्रवर्द्धन गर्न कानुन र प्रक्रियालाई सरलीकरण गर्ने भनेको छ । निर्धारित समयभित्र एकै ठाउँबाट सबै सेवा उपलब्ध हुने, लगानी बोर्डको ऐन संशोधन गरी वैदेशिक लगानीलाई जटिल प्रक्रियाबाट मुक्त गरिने पनि भनिएको छ । स्थायी सरकार अस्तित्वमा आएकोले वैदेशिक लगानी आकर्षित हुने सम्भावना बढेको छ । सरकारको पक्षमा रहेको अहिलेको राजनीतिक वातावरण देशले विकासको क्षेत्रमा फड्को मार्ने सबैले अपेक्षा गरेका छन् । विकासको नियमित गतिशीलता सुरू हुने नेपाली जनताले आश लिएको छ ।

आर्थिक क्षेत्रमा अनियमितताको साम्राज्य फैलाउने माफियातन्त्रले अवरूद्ध गरेको विकासको मूलद्वार खोल्न माफियातन्त्रको अन्त्य गर्न आवश्यक देखिएको छ । हरेक क्षेत्रमा माफियाको बिगबिगी देखिएकोले विकास आयोजनालाई आफ्नो स्वार्थ लाभमा प्रयोग गर्ने गरिएको क्रियाकलाबाट विकास गति शून्य भएको छ । विकास अवरोधक शक्तिको पहिचान गरी त्यसलाई हटाएर विकासलाई गतिशील बनाउने सरकारको दायित्व हो । पूर्ण बहुमतको जनादेश पाएको यो सरकार जनउत्तरदायी, विकासप्रति प्रतिबद्ध हुनै पर्दछ । आफ्नो अभिव्यक्तिबाट विकास निर्माण कार्यप्रति सचेत देखउने प्रधानमन्त्रीको एकमानेमा सरकारले बेथितिलाई अन्त्य गरी लोकतान्त्रिक प्रणालीको स्वच्छता जनउत्तरदायी तथा विकासको मूलद्वार खोलेर देशलाई परनिर्भरताको दलदलबाट निकाल्ने अग्निपरीक्षा दिने कठिन समय आएको छ । सफलता वा असफलता यो सरकारको ईच्छाशक्ति, कार्यकुशलतामाथि निर्भर रहने भएकोले नेपाली जनता आगामी दिनलाई पर्खेर बसेको छ । देशले उत्कृष्ट दिन देखोस् हामी आश गरौं ।

(मधेश दर्पण)

# 'स्वाइन - फ्लू' र हङकङ फ्लुबाट कसरी जोगिने ?

सन् २००९ मा सुँगुर, मानिस र चरामा पाइने इन्फ्लुएन्जा भाइरसबीच त च ८ उ ि भ चभबककयचतक्रभलत भइ पहिलो पटक स्वाइन फ्लू देखा परेको थियो। त्यसको १ बर्ष भित्रै २१४ देशमा यो फैलन गई करिब १८ हजार मानिसको ज्यान लिएको थियो। नेपालमा गत वर्षको बर्खायाममा स्वाइन फ्लुको भाइरस देखिए पनि यस पटक निकै अगाडि उक्त रोगको भाइरस देखिएको छ।

स्वाइन फ्लू एक खतरनाक भाइरस हो जुन सुँगुरको कारण फैलिने गर्दछ। यसलाई कतै(कतै सुँगुर ज्वरो पनि भन्ने गरीन्छ र यो रोग फैलाउन टाइप ए इन्फ्लुएन्जा (H1N1) भाइरस जिम्मेबार हुन्छ।

'म्युटेसन'का कारण हाल यस भाइरसले आफ्नो स्वरूप परिवर्तन गरेको पाइएको छ। हाल यो भाइरस ज्ञ्नल्द,ज्घल्द ,ज्घल्ज्ञ आदि रुपमा देखा परेका छन्। जस मध्ये अहिले ज्ञ्नल्ज्ञ जुन सबैभन्दा खतरनाक भाइरस हो जसले उपल्लो र तल्लो श्वासप्रश्वास प्रणालीलाई आक्रमण गर्छ।

यसको लक्षण पनि पहिले जस्तो स्पष्ट रुपमा थाहा पाउन सहज छैन। पहिले भन्दा यो भाइरसको क्षमता ८ गुणासम्म बढेको पाइएको छ।

**स्वाइन फ्लूका लक्षणहरुः कसरी फैलन्छ स्वाइन फ्लू ?**

स्वाइन फ्लु सरुवा रोग हो। सर्वप्रथम त सुँगुर को सम्पर्कमा नियमित रहिरहने मानिसहरुमा सुँगुरबाट यो भाईरस सर्ने गर्दछ। सुंगुरबाट सर्ने भए पनि राम्रोसँग पकाउँदा त्यसमा भएका कीटाणु पनि मर्छन् र मासु खाँदा भने यो रोग लाग्दैन।

त्यस पछी स्वाइन फ्लू प्रभावित व्यक्तीहरुको सम्पर्कमा आउँदा हावाबाट सर्ने गर्दछ। रोगीले कुरा गर्दा, खोक्दा वा हाँच्छिउ गर्दा संक्रमितले प्रयोग गरेको सामानको प्रयोग गर्दा विषाणु वातावरणमा फैलिन्छ र यो रोग अरुमा सर्दछ। स्वाइनफ्लुको विषाणु सामान्य रुघाखोकीजस्तै फैलिन्छ। भाइरस शरीरभित्र गएको सात दिनभित्र स्वाइनको लक्षण देखिन सक्छ।

यो रोगले विशेष गरी अङग प्रत्यारोपण गरेका, रोग प्रतिरक्षात्मक शक्ति कम भएका, अन्य जटिल रोगवाट संक्रमित व्यक्ति ,गर्भवति महिला ,बच्चा बालबालिका ,वृद्ध बूढाबूढीहरुलाई बढी सताउने गर्दछ।

**रोग लागिहाले के गर्ने ?**

रोग लागिहाले डराइहालनु हुँदैन। श्वासप्रश्वासमा अप्ठ्यारो हुने, मुखबाट रगत आउनेजस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल जानुपर्ने हुन्छ। होइन भने एक हप्ताको आरामले नै स्वाइनफ्लु निको हुन्छ।

तनाव नलिने , प्रशस्तै पानी पिउने ,पौष्टिक पदार्थयुक्त खाना खाने , निद्रा पूरा गर्ने ,शारीरिक रूपमा सक्रिय रहने , सार्वजनिक स्थानमा नथुक्ने लक्षण देखिए कतै सार्वजनिक स्थानमा नजाने, अंकमाल, चुम्बन नगर्ने , अभिवादन गर्दा हात नमिलाउने आदि गर्नुपर्दछ।

प्रयोगशालामा यस रोगको पहिचान गर्न 'इम्मुनोफ्लोरिसेन्स स्टेनिङ ,एन्टिजेन सब्टाइपिङ , च्त(एक्रच आदि गर्ने गरिन्छ।

**बच्ने उपाय**

यस बाट बच्ने सर्वोत्तम उपाय भनेको संक्रमितहरुको सम्पर्कबाट बच्नु र सफा(सुग्गर रहनु नै हो।

समय(समयमा हात धोइरहने , खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो नाक र मुखलाई टिस्यु पेपरले छोप्ने र उक्त पेपरलाई तुरुन्तै डस्टबिनमा फ्याँक्ने , आफ्नो नाक वा मुखतिर बारम्बार हातलाई नलाने , खोकी लागेको व्यक्तिबाट टाढै रहने र लक्षण देखिएको शंका लागे तुरुन्त चिकित्सकसँग परामर्श गर्ने गर्नुपर्दछ।

सार्वजनिक स्थानहरुमा जाँदा रोग प्रतिरोधक स्तरिय 'एन(९५' मास्क प्रयोग गर्नु खोक्दा, हाच्छिउँ गर्दा रुमालले मुख छोप्नु र साबुन पानीले हातमुख धुनु नै प्रमुख केही बच्ने उपायहरु हुन।

यदी नेपालमा यसको संक्रमण भेटिएमा नेपाल सरकारले काठमाडौमा यसको उपचारका लागि विशेष प्रबन्ध गरेको छ।

यस भाइरसको बिरुध्द ओसेल्टामिविर औषधि दिने गरिन्छ भने हाल सम्म २ ओटा मात्र भ्याक्सिन(ट्राइभ्यालेन्ट इनयाक्टिभेटेड र लाइव येटेनुयटेड) प्रयोगमा छन्।




# हङकङ फ्लु के हो र यसबाट कसरी जोगिने ?

मौसम परिवर्तन हुने समयमा धेरैजसोलाई सामान्य रुघाखोकीको संक्रमण हुनु स्वाभाविक नै मानिन्छ। र, रुघाखोकी सातआठ दिनमा निको पनि हुन्छ र ज्वरो पनि बढी आउने हुँदैन। तर रुघाखोकीसंगै कडा ज्वरो आए सावधान हुन् जरुरी छ। अहिले काठमाडौं लगायत देशैभर इन्फ्लुएन्जा ए भनिने एच ३ एन २ अर्थात हङकङ फ्लुको संक्रमण देखिएको र संक्रमितमा कडा ज्वरो र खोकीसँगै जटिलता पाइएकोले सबैलाई सचेत हुन चिकित्सकहरुको सुझाब छ।

राजधानीको टेकुस्थित शुक्रराज ट्रपिकल अस्पतालमा दैनिक २५ देखि ३० नयाँ बिरामी भेटिन थालेका छन्। फागुन यता करिब ९ जनालाई भर्ना नै गर्नुपरेको अस्पतालले जनाएको छ। अन्य अस्पतालका ओपिडी तथा आइसियुमा पनि ठूलो संख्यामा हङकङ फ्लुका बिरामी हुन सक्ने अनुमान चिकित्सकहरुको छ। सन् १९६८ देखि फैलिएको इन्फलुएन्जा-ए (एच३एन२) भाइरसको प्रकोपले कम्तीमा १० लाख व्यक्तिको मृत्यु भएको थियो। यो रुघाखोकी हङकङबाट सुरु भएकोले यसलाई बोलचालमा हङकङ फ्लु भनिएको हो। हाल यसविरुद्ध रोग प्रतिरोधक क्षमता विकसित भइसकेकाले यो त्यति खतरनाक मानिँदैन।

रुघाखोकी सामान्य घरेलु प्रक्रियाले निको नभए, १०२ डिग्रीभन्दा बढी ज्वरो आए, जीउ काम्नु, टाउको फुट्ने गरी दुख्न खोज्नु, घाँटी बांगिनु, वाक्वाकी लाग्नु, सास फेर्न असजिलो हुनु, छाती दुख्नुजस्ता समस्या देखिए हङकङ फ्लु भएको हुन सक्ने र बालबालिका र वृद्धवृद्धामा यो फ्लु अझ घातक हुने भएकाले बेलैमा सचेत हुनुपर्ने सेन्ट्रल डिपार्टमेन्ट अफ बायो टेक्नोलोजीका भाइरोलोजिस्ट बिरेन्द्रप्रसाद गुप्ता बताउनुहुन्छ।

इपिडिमीयोलोजी महाशाखाले पनि अहिले हङकङ फ्लु मुलुकभरि नै फैलेकोले सचेत हुनुपर्ने जनाएको छ। यो मौसममा हङकङ फ्लुसँगै अन्य भाइरसबाट पनि जोगिन चिकित्सक आग्रह गर्छन्। यसका लागि भिडभाडमा नजाने, प्रशस्त झोलिला खाने कुरा खाने, संक्रमितले प्रयोग गरेको रुमाल, भाँडा अरूले प्रयोग नगर्ने, संक्रमितसँग कम्तीमा एक मिटर परै बस्ने, हात नमिलाउनेजस्ता उपाय अपनाउन उनीहरूको सुझाव छ। यस्ता भाइरस खोकी तथा हाच्छिउँ गर्दा सर्ने भएकाले यी प्रक्रियाबाट जोगिनुपर्छ। सुरुमा व्यक्तिको माथिल्लो श्वासप्रश्वास प्रणालीमा आक्रमण गर्ने हङकङ फ्लुलाई बेवास्ता गरे यो बिस्तारै भित्री श्वासप्रश्वास प्रणालीमा पनि संक्रमण हुन्छ। त्यसपछिको अवस्थामा आइसियु र भेन्टिलेटरमै राखेर उपचार गराउनुपर्ने हुन्छ।

अन्य भाइरसले रोग प्रतिरोधी क्षमता कमजोर भएका र दीर्घरोगीलाई बढी असर गर्छन् तर हङकङ फ्लुले भने युवक र अन्य स्वास्थ्यसमस्या नभएकालाई पनि गम्भीर असर गरिरहेकोले पनि गम्भीर बन्न आवश्यक छ।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।**

# प्रकोप विरुद्ध सचेतना अभियान

फत्तेपुर / सप्तरीको कन्चनरुप नगरपालिकामा स्वाइन फलु र हङकङ फलु भाइरसको प्रकोप फैलिए पछी सप्तकोसी नगरपालिकामा साबधानिका लागि शनिबार बिपद ब्यवस्थापन समितिको आपतकालीन बैठक बसेको छ ।

बैठकले जनचेतना का लागि माइकिङ प्रचारप्रसार सहितको कार्यक्रम गर्ने निर्णय गरेको छ । कन्चनरुप नगरपालिकामा स्वाइन फलु र हङकङ फलुको भाइरल फेला परे पछि सप्तकोसीमा पनि यसको प्रभाव पर्न सक्ने भएकोले यस प्रकोपबाट वच्न र सर्तक रहन नगरबासीहरुलाइ सचेत गराउने उद्देश्यले नगर स्वास्थ्य समिति बिपद ब्याबस्थापन समिति पशु सेबा कार्यलय नागरिक अगुवा संघ सस्था प्रतिनिधि सञ्चारकर्मी लगायतको उपस्थितिमा आइतबारदेखि नगरपालिका का ११ वटै वडामा स्वास्थ्य शिबिर सञ्चालन गरि स्वास्थ्य परिक्षण गर्ने भाइरलबाट वच्न को लागि नगरबासीलाई सर्तक अपनाउन अनुरोध गर्ने निर्णय भएको सप्तकोसी नगर प्रमुख तथा बिपद ब्याबस्थापन समितिका संयोजक उत्तम कुमार शर्माले जानकारी दिए ।

# २ सय ६५ जनाको स्वास्थ्य परीक्षण

फत्तेपुर / सप्तकोसी नगरपालिका वडा न ८ द्वारा संचालित एक दिने स्वस्थ्य शिबिर मा २ सय ६५ जना को स्वास्थ्य परिक्षण गरिएको छ ।

शुक्रवार ओद्राहामा सम्पन्न भएको उक्त स्वास्थ्य परिक्षणमा महिला प्रजनन स्वास्थ्य शिबिर अन्तर्गत उप स्वास्थ्य चौकी ओद्राहामा संचालित शिबिरमा सप्तकोसी नगरपालिका वडा न ४,५,६,७,८,९, वडा बाट महिलाहरु आफ्नो स्वाश्थ्य परिक्षणका लागि आएका थिए ।

शिबिरको उद्घाटन गर्दै नगरप्रमुख उत्तम गौतमले समयमै रोगको पहिचान गरि उपचार गरे अकाल मृत्युबाट वच्न सकिने बताए । वडा न ८ का वडा अध्यक्ष केदार प्रसाद साहको अध्यक्षतामा सम्पन्न शिबिरको उदघाटन कार्यक्रममा वडा अध्यक्षहरु दिपक लेखी, चन्द्र नारायण यादब,डोलेश्वर खड्गा, सप्तकोसी नगर स्वास्थ्य संयोजक जिबछ साह ,संघीय समाजबादी फोरमका नगर अध्यक्ष रामकुमार यादब, जिल्ला खेलकुद बिकास समितीका अध्यक्ष एजेट लामा, सन्तोष खतिवडालगाएतको सहभागीता रहेको थियो ।

# फत्तेपुरमा ग्रासरुट फुटबल फेस्टिबल

फत्तेपुर / ग्रासरुट फुटबल फेस्टिबल २०१८ सप्तकोसी नगरपालिकाको फत्तेपुरमा शुरु भएको छ ।

सप्तरीको सप्तकोसी नगरपालिका १ मा रहेको सहिद स्मृति रंगशाला फत्तेपुर मा शनिबारदेखि ग्रासरुट फुटबल फेस्टिबल शुरु भएको हो । बिद्यालय स्तरदेखि नै फुटबल खेलाडी उत्पादन गर्ने उद्देश्यले अखिल नेपाल फुटबल संघले देश ब्यापी रूपमा संचालन गरेको ग्रासरुट फुटबल प्रशिक्षण कार्यक्रम अन्तरगत सप्तरी जिल्ला फुटबल संघले आयोजना गरेको प्रशिक्षण कार्यक्रम सप्तकोसी नगरपालिका भरिका ८ बर्ष देखि १३ बर्ष सम्मका करिब दुई सय बालबालिकाहरुले प्रशिक्षण लिने जिल्ला फुटबल संघ सप्तरी का बरिस्ठ उपाध्यक्ष अम्मर खवासले जानकारी दिए ।



जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष देबेन्द्र बस्नेतको अध्यक्षता, सप्तकोसी नगरपालिकाका नगर प्रमुख उत्तम कुमार शर्माको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अखिल नेपाल फुटबल संघका केन्द्रिय प्रतिनिधि रुपेश अधिकारी प्रमुख अतिथि शर्मालगायतले खेलकुदलाई अगाडि बढाउन खेलाडी उत्पादनमा लाग्ने बेला भएकोले यो ग्रासरुट प्रशिक्षण कार्यक्रम अत्यन्तै प्रभाकारी भएको बताए । तीन महिना सम्म संचालन हुने प्रशिक्षण कार्यक्रममा मुख्य प्रशिक्षक सप्तरी जिल्ला फुटबल प्रशिक्षक रमेश श्रेष्ठ ले प्रशिक्षण दिने भएका छ्न।













# संघीय प्रेस फोरमको प्रदेश समिति गठन

सप्तरी / संघीय प्रेस फोरम प्रदेश नम्वर २ को तदर्थ समिति गठन भएको छ ।

विहीबार जनकपुरस्थित संघीय समाजवादी पार्टी कार्यालयमा सम्पन्न प्रेस फोरमको प्रदेश भेलाबाट सप्तरीका श्याम सुन्दर यादवको अध्यक्षतामा १३ सदस्यीय प्रदेश तदर्थ समिति गठन गरिएको हो ।

समितिका उपाध्यक्षमा विजय कुशवाहा ( पर्सा ) र सुरेश यादव ( धनुषा ) चयन भएका छन । सचिवमा रामनारायण कापडि ( धनुषा ), सह-सचिवमा अभरेन्द्र यादव ( सिरहा ), कोषाध्यक्षमा राकेश यादव ( रौतहट ) चयन गरिएको छ ।

सदस्यहरुमा नागेन्द्र यादव ( महोतरी ), प्रिया सिंह थारु ( सप्तरी ), जितेन्द्र सिंह दनुवार ( सिरहा ), मुकेश मंडल ( बारा ), मनोज यादव ( सर्लाही ) , अनिल तिवारी ( पर्सा ) र बन्दना झा ( सर्लाही ) सर्व सम्मतिले चयन गरिएको छ । धनुषा क्षेत्र नं. २ ( २ ) का प्रदेश सांसद तथा वरिष्ठ पत्रकार रामअशिष यादवको अध्यक्षतामा आयोजित प्रेस फोरमका पत्रकारहरुको भेलामा प्रमुख अतिथि संघीय समाजवादी फोरमका प्रदेश मुख्य सचिव शम्भु झा रहेका थिए । विशिष्ट अतिथिद्वय प्रदेश सचिव शेषनारायण यादव र सल्लाउदिन अहमद, पार्टी जिल्ला अध्यक्ष चन्देश्वर महतो, पूर्व सांसद उर्मिला साह, महिला नेत्री विन्दु कुमारी यादव, विष्णुदेव साह र प्रेस फोरमका केन्द्रिय उपाध्यक्ष आतिश मिश्र, पत्रकार एवम् विश्लेषक भोला पासमान, प्रेस फोरमका केन्द्रिय सदस्य बैधनाथ यादव लगायतका व्यक्तित्वहरुको सहभागीता रहेको थियो ।

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरुः
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्धारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,
*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सैं घण्टा*

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

सम्पूर्ण कपडा एकै ठाउ

अब तपाईहरूको बजार रामपुर सर्व सुलव मूल्यमा रेडिमेड तथा थान कपडाका लागि हामीलाई सम्झनुहोस् र साथै सिरक डसना पनि बनाई सुलव मुल्यमा विक्रि गरिन्छ ।

प्रो. सरद कोईराला
सम्पदा कपडा पसल
रामपुर, ठोक्सिला बजार उदयपुर मो. 9805726379

दर्ता नं: १२१०५५/०७०
भ्याट नं: ६०१८६०६२७

अमर कम्पनी एण्ड कन्सल्टेन्सी
द्धारा सञ्चालित

कर सहयोग परामर्श सेवा केन्द्र

सेवाहरु

व्यापार व्यवसाय, उद्योग, संघ-संस्था, सहकारी, ठेक्कापट्टा, गैरसरकारी संस्था, वित्तीय संस्था, शिक्षण संस्था, आदीको कर परामर्श सेवाहरू

१. प्यान भ्याटको वार्षिक नविकरण
२. स्थायी लेखा नम्वर (प्यान/भ्याट) दर्ता
३. आय विवरण, भ्याट विवरण मासिक/चौमासिक
४. शिक्षा तथा स्वास्थ्य सेवा कर विवरण बुझाउने सेवा
५. घर वहाल कर,लाभ कर सामाजिक सुरक्षा कर
६. सम्पूर्ण करको भुक्तानीको व्यवस्था
८ वैक ऋण तथा सरकारी अनुदानका लागि वित्तीय विवरण प्रोफाइल तयार गर्ने
९. कम्पनी दर्ता नविकरण सम्वन्धी सेवा

प्रधान कार्यालय
धरान-१२, चतरा लाईन
फोन नं. ९८५२०४९३२५, ९८४२३५५३६२, ९८०४३५६९२६
Email: accdharan@gmail.com

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसि नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।




Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

